


# प्रदेश-३



यसको आयु ५ वर्षमात्रै हुनेछ। ग्रामीण भेगका सडकमा यो उपयोगी मानिन्छ। माटोलाई कडा बनाएपछि यसले जस्तोसुकै भार पनि थाम्न सक्नेछ।

# सडक पिचमा अमेरिकन प्रविधिको प्रयोग

मोतीराम तिमल्सिना, काभ्रे



बनेपा बसपार्कमा सवारीसाधन प्रवेश रोकेको केही दिन भइसकेको थियो। बसपार्कको भित्री भागको उपभोक्ता समितिमार्फत ढलान गरिसकिएको छ। नगरपालिका प्रवेश गर्ने बसपार्कको प्रवेशद्वारदेखि नगरपालिकाको मूल गेटसम्म आइतबार एकाएक डोजर चल्यो। डोजरले सडकबाट ६ इन्च माटो निकाल्यो।

माटो निकालिएको स्थानमा क्याल्सियम कार्बोनेट पाउडर छरियो। जसका कारण माटो सेताम्य देखियो। त्यसको उद्देश्य थियो माटोमा भएको पानी सोस्ने। चिसो माटो भएकाले क्याल्सियम कार्बोनेट राखिएको थियो। ओभानो स्थानमा त्यो पाउडर प्रयोग गर्नुपर्दैन। डोजर चलिरहँदा पानीको ठूलो ड्रममा एग्रिलिंक स्टाइली क्रस लिंक पोलिमर घोलियो। साबुन र सरफको गाज उठेजस्तो ड्रमबाट सेतो फिँज निस्कियो। सर्वसाधारण सडकमा के गर्न लाग्या भन्दै घेराउ गर्दै थिए। नगरप्रमुख लक्ष्मीनरसिंह बादे, उपप्रमुख रेखा सापकोटा दाहाल, प्रमुख प्रशासकीय अधिकृत भोजराज घिमिरे, वडाअध्यक्ष र कर्मचारीको बाक्लो उपस्थिति थियो।

सेतो फिँजसहितको दूधजस्तो पानी हजारीमार्फत सडकमा खन्याइयो। नगरप्रमुख बादे, उपप्रमुख सापकोटासहितले अभियानको शुरुआत गरे। फेरि डोजर चलाइयो र निकालेको ६ इन्चको माटो खन्याइयो। डोजरले माटो घोलिसकेपछि लोडरले सडक थिच्यो र समथर बनायो। सर्वसाधारणले हेरेको हेर्‍यै २ घन्टामा २ सय मिटर सडक पिचको कार्य सम्पन्न भयो। 'नगरपालिकाले उक्त सडकलाई परीक्षणको रूपमा प्रयोग गरेको हो', नगरप्रमुख लक्ष्मी नरसिंह बादेले भने- 'अमेरिकन प्रविधिमार्फत हुने यो प्रयोग सफल भयो भने हामी नगरका अन्य सडकमा प्रयोग गर्नेछौं।'

यो प्रविधिका लागि ग्राभेल, रोडा, ढुंगा, नयाँ माटो, सिमेन्ट केही चाहिँदैन। जस्तो सडकमा पनि यो प्रविधिको पिच गर्न सकिन्छ। उक्त प्रविधिले माटोलाई कडा बनाउँछ। 'स्वाइल स्टेपलाइजी' भएपछि सडकलाई जाम गराउँछ र हल्लिन दिँदैन। २० टनदेखि ७ सय टन भार क्षमता धान्ने उक्त प्रविधि नेपालमा परीक्षणका रूपमा शुरू गरिएको हो', इको सेन्ट्रिक नेपाल प्रालि ललितपुरका सुनिलकुमार लोहियाले भने- 'हामी कम्पनी पनि दर्ताको प्रक्रियामा छौं, एक अमेरिकन कम्पनीसँगको सहकार्यमा नेपालमा यो प्रविधिको परीक्षण गरी प्रयोगमा ल्याउने तयारी गरेका हौं।'

२०१६ सालमा हरिसिद्धीमा यो प्रविधि प्रयोग गरेर असफल भएको थियो। यसको आयु ५ वर्षमात्रै हुनेछ। ग्रामीण भेगका सडकमा यो उपयोगी मानिन्छ। माटोलाई कडा बनाएपछि यसले जस्तोसुकै भार पनि थाम्न सक्नेछ। खर्चको हिसाबले अत्यन्तै कम लाग्ने उक्त प्रविधि सफल भयो भने नेपालका हरेक सडकमा यस्तो प्रविधिबाट सडक पिच गर्दा समृद्धिको यात्रा चाँडै पूरा हुनेछ। नगरपालिकाले यो प्रविधिको प्रयोगका लागि डोजर, लोडर मात्रै उपलब्ध गराएको छ। उपप्रमुख रेखा सापकोटा दाहालले नगरपालिकाले शुरू गरेको परीक्षण सफल भयो भने ग्रामीण भेगका सबै सडकमा यस्तो कार्यक्रम लागू गर्ने तयारी भएको बताउनुभयो। प्रमुख प्रशासकीय अधिकृत भोजराज घिमिरेले नगरपालिकामा गरिएको यो परीक्षणले नगरका सडकलाई चाँडै बलियो र भरपर्दो बनाउन सहयोग पुग्ने विश्वास लिएको बताए।

## सामूहिक बसोबासको सुझाव

हेटौंडा, (नेस)

प्रदेश-३ को सभामा १/२ महिनामात्र नीति निर्माणको तहमा उपस्थित हुनुपर्ने तर कोठा भाडामा लिँदा १२ महिनाकै रकम तिर्नुपर्ने गुनासो गरिएको छ।

हेटौंडामा आएको बेला सामूहिक बसोबास गर्ने व्यवस्था गरे काम छउन्जेल बस्ने र काम सकिएपछि जान सजिलो हुने भएकाले सांसद्लाई राज्यले सामूहिक बसोबास व्यवस्था गर्नु उपयुक्त हुने सुझाव दिइएको छ।

आफ्नो सवारी नभएका सांसद्लाई संसद् चल्ने समयमा ल्याउने र लैजाने व्यवस्था राज्यले गर्नुपर्ने माग पनि गरिएको छ। जनसरोकार केन्द्र मकवानपुरले यस्तो माग गरेको हो।

जनसरोकार केन्द्र मकवानपुर संयोजक अधिवक्ता ध्रुवप्रसाद चौलागाईंले सांसद्लाई छोटो समयमा प्रदेशसभा बैठक राख्दा असहज भएकाले निर्वाचन क्षेत्रमा पुगेर १/२ दिनमा फेरि बैठकमा आउनुपर्ने समस्या भएकाले प्रदेशसभा बैठकको कार्यसूची संकलन गरी लामो समयपछि बैठक राख्ने र आवश्यक काम एकैचोटी सम्पन्न गर्नु उपयुक्त रहेको सुझाव दिइएको बताउनुभयो।

## रक्तसञ्चार सेवा केन्द्र निर्माण हुने

काभ्रे, (नेस)

अत्याधुनिक प्रविधिसहितको साढे ५ तलाको रक्तसञ्चार सेवा केन्द्र निर्माण हुने भएको छ। बनेपा नगरपालिकाले उपलब्ध गराएको जग्गामा नेपाल रेडक्रस सोसाइटी काभ्रे शाखाले उक्त भवन निर्माण कार्य शुभारम्भ गरेको हो।

बनेपा नगरपालिकाका नगरप्रमुख लक्ष्मीनरसिंह बादे श्रेष्ठले भवन शुभारम्भको शिलान्यास गर्दै समयै सम्पन्न गरी रक्तसेवा सुचारु गर्न शुभकामना दिए। रगत दान गरी जीवन दान गर्ने महान् पुण्य काममा नगरबासीका तर्फबाट उचित सहयोग पुऱ्याउने बताउँदै रगत दान र सेवामा हुने कार्यमा सबैको सहयोग रहने विश्वास व्यक्त गरे। कार्यक्रममा उपप्रमुख रेखा सापकोटा दाहालले नगरपालिकाले निर्माण गरेका रोड म्यापअन्तर्गत रक्तसञ्चार सेवा केन्द्र पनि भएकाले नागरिकले रगत नपाएर अकालमा जीवन खेर पाल्नु नपरोस् भनेर नगरपालिकाले विशेष सहयोग उपलब्ध गराएको बताइन्। नगरपालिकाले सडक, फोहोरमैला व्यवस्थापन, शिक्षा र स्वास्थ्यजस्ता महत्त्वपूर्ण विषयको खाका कोरेर अगाडि बढिरहेको उपप्रमुख सापकोटाले बताइन्।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय कोषाध्यक्ष देवेन्द्र प्रधान, ब्लड बैंकका निर्देशक डा. मनिता राजकर्णिकार, नेपाल पत्रकार महासंघका अध्यक्ष मोतीराम तिमल्सिना, नेपाल रेडक्रस सोसाइटीका पूर्वसभापति श्याम श्रेष्ठ, १ सय ६३औं पटक रक्तदान गर्ने जिल्लाबासी अर्जुन पराजुली, शिर मेमोरियल अस्पताल बनेपाका प्रमुख डेल एम मोले, वडाअध्यक्ष वर्ण शाक्यलगायतले मन्तव्य राखेका थिए।

कार्यक्रममा रेडक्रस काभ्रेका सभापति रघुवर चौ प्रधानले समयमै भवन निर्माण सम्पन्न गरी नागरिकलाई सेवा दिने प्रतिबद्धता व्यक्त गरे। भवन निर्माणका लागि भेनिस रेडक्रसले ७० लाख रुपियाँ सहयोग गरेको छ भने अन्य रकम स्थानीय सरकार, सहकारी, नागरिक समाज तथा विभिन्न क्षेत्रबाट सहयोग संकलन गर्ने सभापति प्रधानले बताए।

जिल्लामा २ लाख सेयर सदस्य भएकाले सहकारीबाट २ करोड रकम संकलन गर्ने नीति लिइएको छ। ८० हजार विद्यार्थीबाट ८० लाख संकलन गर्ने, स्थानीय सरकारबाट समेत गरी भवन निर्माण कार्य सम्पन्न गर्ने योजना बनाइएको सभापति प्रधानले बताए। साढे ५ तला भवनको भुइँ तलामा व्यावसायिक पार्किङ पहिलो तलामा वयवसायिक प्रयोजनका सटर, दोस्रो तलामा रक्तसञ्चार बैंक, तेस्रो तलामा प्रशासनिक कार्य, चौथो तलामा तालिम हल र पाँचौं तलामा रेस्टुरेन्ट राख्ने गरी डिजाइन गरिएको सभापति प्रधानले जानकारी दिए।

## चितवनको माडीमा होमस्टे मार्फत जैविक विविधताको संरक्षण

कृष्ण आचार्य, चितवन

चितवनको माडी नगरपालिका-८ शिवद्वारकी गौमाया पुन यति बेला व्यस्त छिन्। होमस्टेमा आउने पाहुनाको स्वागत सत्कार र घरायशी कामले उनको व्यस्तता बढेको हो। विसं २०७२ सालको माघबाट शुरू भएको चितवन माडीको अयोध्यापुरी मध्यवर्ती सामुदायिक होमस्टे आउने पर्यटकको संख्या बर्सेनी बढ्दै गएपछि उनको व्यस्तता पनि बढेको छ।

बजारको कोलाहलपूर्ण वातावरणमा बसिरहेका मानिस फुर्सदको समयमा माडीको होमस्टेमा आनन्द लिन जाने गरेका छन्। होमस्टे सञ्चालन गरेसँगै गौमायाको जस्तै स्थानीयको जीवनस्तर र दैनिकीमा समेत परिवर्तन आएको छ। 'होमस्टे सञ्चालन भएपछि राम्रो आम्दानीको स्रोत भएको छ', उनले भनिन्- 'होमस्टे सञ्चालन भएपछि बाटो बन्यो, बिजुली पनि अयो।'

होमस्टे सोचेभन्दा सफल भएको उनले बताइन्। आजभोलि दिनचर्या आफ्नो गाउँमा आउने पाहुनाहरुलाई स्वागत सत्कार र सेवामा नै बित्ने गरेको पुनको भनाइ छ।

एउटा सामान्य समूहको रूपमा रहेको गाउँमा विभिन्न पूर्वाधारको विकास गरी होमस्टे सञ्चालन गरेर माडीको शिवद्वारका स्थानीयले अहिले आर्थिक उपार्जनको साथै आफ्नो संस्कृति, कला र परम्पराको समेत संरक्षण र प्रचारप्रसार गरिरहेका छन्। होमस्टे सञ्चालन भएपछि जीविकोपार्जनमा सहजता आएको सञ्चालक गौमाया पुनले बताइन्।

११ बटा होमस्टेमा २२ कोठा र ४४ जना अट्ने क्षमता छ। होमस्टेमा आउने पाहुनाबाट कोठाको १ हजार, खानाको २ सय ५० र खाजाको १ सय रुपियाँ लिने गरिएको छ। हरेक होमस्टेमा सोलारको व्यवस्था छ भने सबै रुममा तातो-चिसो पानीको समेत व्यवस्था गरिएको छ।

साढे २ वर्षको समय अवधिमा ८ हजार बढी पर्यटक होमस्टेमा आएको अयोध्यापुरी मध्यवर्ती सामुदायिक होमस्टेका अध्यक्ष मोहनबहादुर पुन मगरले बताए। उनले सबै खर्च कटाएर ४० लाख नाफा गरेको जानकारी दिए। अहिले फाट्टफुट्ट आउने गरेका विदेशी पर्यटक पनि असोजदेखि नियमित गराउने अभियान थालिएको उनको भनाइ छ। 'राष्ट्रिय निकुञ्जबाट पीडित हामी अहिले तिनै वन्यजन्तु देखाएर पर्यापर्यटनको संरक्षणमा जुटेका छौं।' -उनले भने।

होमस्टेलाई चितवन राष्ट्रिय निकुञ्ज, मध्यवर्ती उपभोक्ता समिति, नगरपालिका, तराई भू-परिधि कार्यक्रम (ताल) र विभिन्न संघ-संस्थाले सहयोग गरेका छन्। माडी संरक्षित वन्यजन्तु बाघ, गैंडा, भालु, हात्ती, जरायोलगायत चराचुरुङ्गीको अवलोकनका लागि महत्त्वपूर्ण क्षेत्र हो भने विभिन्न धार्मिक कुण्ड तथा क्षेत्रले प्रख्यात छ। भारतबाट समेत धार्मिक पर्यटक आएर पूजा गर्ने परशुराम कुण्डसमेत माडीमा रहेको छ।

चितवन निकुञ्जले सौराहा-पटिहानी र पटिहानी-माडीको पर्यटक पदमार्ग निर्माण गरेपछि माडीमा पर्यटकीय गतिविधिले गति लिएको माडी नगरपालिकाका मेयर ठाकुर ढकाल बताउँछन्। स्थानीयस्तरमै रोजगारको अवसरसँगै पर्यापर्यटनको विकास र संस्कृतिको जगेर्ना गर्न सकिन्छ भन्ने उदाहरणका रूपमा माडीको होमस्टे अघि बढेको मेयर ढकालले बताए।


## स्थानीय प्रशासनद्वारा बजार अनुगमन

नुवाकोट, (नेस)

अखाद्य वस्तुको बिक्रीवितरण र मूल्य वृद्धि रोक्न भन्दै नुवाकोटको स्थानीय प्रशासन र कोष तथा लेखा नियन्त्रक कार्यालयले संयुक्तरूपमा बजार अनुगमन शुरू गरेको छ।

जिल्लाको बेलकोटगढी नगरपालिका वडा नम्बर ११, १३, ककनी गाउँपालिकाको वडा नम्बर ४ र ५ का थोक बिक्री गर्ने पसल, होलसेल र होटलको बिहीबार अनुगमन गरिएको छ। प्रशासकीय अधिकृत नन्दलाल शर्मा, नासु केशव पाण्डे, उपभोक्ता मञ्चका अध्यक्ष इन्द्रबहादुर पण्डितको नेतृत्वमा गएको टोलीले पसलमा राखिएका सामग्रीको मूल्यसूची, प्यान दर्ता, उपभोग मिति नाघेका खाद्य तथा पेयपदार्थ अनुगमन र होटलको भान्सा तथा खाद्य पदार्थको अवलोकन तथा निरीक्षण गरेको छ। त्यसैगरी कोष तथा लेखा नियन्त्रण कार्यालयले मदिराजन्य पदार्थको बिक्रीवितरण, पसल दर्ता र नवीकरण भए नभएको निरीक्षण गरेको थियो। कतिपय बिक्रेताले पसलको नाम, मूल्यसूची नराखेको, प्यान दर्ता नभएको पाइएको थियो। थोक बिक्रेता पसलको नवीकरण गर्न र इजाजत लिन अनुगमन टोलीले जानकारी गराएको थियो।


## वर्गीकृत डिस्प्ले



बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।
जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

वर्गीकृत डिस्प्ले
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६, ४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने ड्म्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

**उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।**

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**
(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित ।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।
बाथ एवं नसारोग : स्यालको बोसो, चौरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।
दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।
मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

## नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**
गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्रयाक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिव्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**
हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**
सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछेँ : ६१२७२४

२०७५, असार
मंगलबार
५

'मुख्य कुरा शुद्धताको प्रश्न हो, त्यो नै अनुत्तरित रह्यो' -राष्ट्रिय उपभोक्ता हित संरक्षण मञ्चका जिल्ला अध्यक्ष डम्बरबहादुर अधिकारीले भन्नुभयो।

# नेपाल

# ७ वर्षमा पनि निर्माण भएन स्वास्थ्य चौकीको भवन

**गोविन्दप्रसाद भण्डारी, अछाम**



कमल बजार नगरपालिका वडा न. ९ मष्टाबण्डाली स्वास्थ्यचौकीको भवन निर्माण कार्य ७ वर्ष बितिसक्दा पनि अझै पूरा भएको छैन।

७ वर्षअघि निर्माण कार्य शुरू भएको स्वास्थ्यचौकीको भवन अहिलेसम्म पनि निर्माण कार्य पूरा नहुँदा त्यस क्षेत्रका स्थानीय आक्रोशित भएका छन्। निर्माण गर्न थालिएको स्वास्थ्यचौकीको भवन निर्माण कार्य पूरा नहुँदै भत्किने अवस्थामा पुगिसकेको छ।

भवन निर्माण कार्य गुणस्तर नभएको र भवनको निर्माण कार्य पूरा नहुँदै भत्किने अवस्थामा पुगेको स्थानीय ईन्द्र रावतले बताउनुभयो। भवनको निर्माण कार्य रोकिएको ३ वर्ष भइसकेको छ। पटकपटक भवन निर्माणको विषयलाई लिएर जिल्ला प्रशासन कार्यालय, तत्कालीन जिल्ला विकास समिति र सांसदलाई जानकारी गराउँदा समेत कुनै सुनुवाइ नभएको स्थानीयको गुनासो रहेको छ। १ करोड ४ लाखमा सम्झौता भएको भवन निर्माणमा २० लाख भन्दाबढी खर्च नभएको स्थानीय जानकार बताउँछन्।

यतिका वर्षसम्म भवनको यस्तो अवस्था हुँदा पनि कसैले चासो नदेखाएको र यस्ता ठेकेदारलाई कानुनी कारबाही गर्नुपर्ने चक्रेश्वरी माविका प्रधानाध्यापक कासीराम बजगाईंले माग गर्नुभयो। १६ कोठे भवन निर्माण भएपछि स्वास्थ्य चौकीबाट प्रदान गरिने सेवा सहज हुने आशामै सीमित भएको स्वास्थ्यचौकीका सिनियर अनमी कमल खड्काले गुनासो गर्नुभयो। उहाँका अनुसार अहिले स्वास्थ्यचौकीमा सुरक्षित तरिकाले प्रसूति गराउन निकै समस्या रहेको छ। १ जनाभन्दा बढी सुत्केरी महिला स्वास्थ्यचौकीमा आए भुइँमा राखेर प्रसूति गराउनुपर्ने बाध्यता रहेको छ।

विभिन्न निकायमा पटकपटक अनुरोध गर्दा पनि अहिलेसम्म कुनै सुनुवाइ नभएपछि आफूलाई निराश बनाएको अनमी खड्काको भनाइ छ। यता जिल्ला समन्वय समिति अछामका उपसंयोजक टोपबहादुर रावलले भवनको अवस्था देखेर आफूलाई लज्जित बनाएको भन्दै विकास निर्माणका योजना समयमै सम्पन्न नगर्ने व्यक्ति विकासविरोधी भएकाले यस्ता ठेकेदारलाई कारबाही गर्नका लागि आफूले पहल गर्ने बताउनुभएको छ।

भवन निर्माणको जिम्मा लिएका ठेकेदार डोटीका छत्र कडायतले काम किन र के कारणले रोके भन्ने जानकारी नगराएको वडाअध्यक्ष दुर्गाप्रसाद बजगाईंले बताउनुभयो। २ तले घर निर्माणको जिम्मा लिएका ठेकेदार कडायतले एकैतला पूरा नगरिकन काम छोडिदिएका छन्। भवन भत्किने अवस्थामा पुगिसकेकाले यस्ता विकास निर्माणका काममा चरम लापरबाही गर्ने ठेकेदारलाई कडा कारबाही गर्नुपर्ने त्यस क्षेत्रका स्थानीयले माग गर्न थालेका छन्। स्वास्थ्यचौकीबाट त्यस क्षेत्रका साविकका मष्टाबण्डाली, घोडासैन र सेरा गाविसका सेवाग्राहीले सेवा लिइरहेका छन्।

# कसरी हरायो सामाजिक सुरक्षाको २३ लाख

पर्वत, (नेस)

पर्वतको बिहादी गाउँपालिका-६ शालिग्रामको सामाजिक सुरक्षा अनुदानको २३ लाख रुपियाँ कर्मचारीको साथबाट हराएको छ।

पर्वतको सदरमुकाम कुश्मास्थित नेपाल बैंक लिमिटेडबाट रकम झिकेर गाउँपालिका जाँदै गर्दा रकम बीचमा नै हराएको हो। रकम कुन ठाउँबाट कसरी हराएको भन्ने अहिलेसम्म पत्ता लागेको छैन।

गाउँपालिकाको रकम निकालेर शुक्रबार कुस्माको एक होटलमा बास बसेका पालिकाका लेखा अधिकेत गोविन्द भट्टराईसहितका कर्मचारी शनिबार बिहादी फर्कने बेला स्याङ्जा पुगेपछि रकम हराएको पत्ता पाएका थिए। रिजर्भ गरेको गाडीमा छुट्टाछुट्टै झोलामा वडाको रकम राखेकोमा त्यहाँ वडा नं. ६ शालिग्रामको सामाजिक सुरक्षा अनुदान राखिएको झोला भने गायब भएको थियो। बयरघारीमा गाडी बिग्रेपछि हेर्ने क्रममा रकम भएको झोला गायब भएको कर्मचारीले प्रहरीसँग बयान दिएका छन्।

यसअघि गाउँपालिकाले वितरण गर्ने सामाजिक सुरक्षाको रकम लिन शुक्रबार बिहादी गाउँपालिकाका लेखा अधिकृत गोविन्द भट्टराई, वडा नम्बर २ बर्राचौरका सचिव लीलाधर पराजुली, वडा नम्बर ४ वहाकीका वडासचिव ईश्वरी न्यौपाने, वडा नम्बर ५ उरामका वडासचिव कृष्ण भुसाल र वडा नम्बर ६ शालिग्रामका वडासचिव सुनकुमारी भट्टराईले गाडी रिजर्भ नै गरेर गएका थिए। शनिबार कुश्माबाट गाउँपालिका हिँडेका उनीहरूले पोखराको होटलमा खाना खाए। रिजर्भ गाडी भएको हुनाले उनीहरूले रकमतर्फ भने ध्यान दिएनन्। पोखरामा खाना खाएपछि उनीहरू स्याङ्जाको बाटो हुँदै पर्वत फर्किए। स्याङ्जाको बयरघारीमा पुग्दा रिजर्भ गरेको गाडी बिग्रियो। गाडी बिग्रिएपछि बल्ल सचिवहरूले झोलातर्फ ध्यान दिएका थिए। रकम हराएपछि भने सचिवहरूले गाउँपालिकाका अध्यक्ष कमल भुसाल र प्रमुख प्रशासकीय अधिकृत दिनेश शर्मालाई फोनमार्फत जानकारी गराएका थिए।

रकम हराएपछि कर्मचारीले प्रहरीलाई खबर गरेका थिए। सबै कर्मचारी प्रहरीको शरणमा आएका छन्। जिल्ला प्रहरी कार्यालय पर्वतका प्रहरी उपरीक्षक दिलिप रेग्मीले कर्मचारीसँग सोधपुछ भइरहेको बताए। 'रकम हराएको जानकारी पाएपछि सम्भावित ठाउँमा खोजी गरेका छौं, कर्मचारीसँग पनि सोधपुछ गरिएको छ' -उनले भने।

# हाइड्रोपावरको कुलो भत्कदा स्थानीय अन्धकारमा

खोटाङ, (नेस)

वर्षाका कारण झरेको पहिरोले हाइड्रोपावरको कुलो बगाउँदा खोटाङका स्थानीय अन्धकारमा बस्न बाध्य छन्। गत जेठ-३० गते बेलुकी झरेको पहिरोले बगाएको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१० पाथेकास्थित नाखामखोला लघु जलविद्युत् आयोजनाको कुलो हालसम्म मर्मत नहुँदा स्थानीय अन्धकारमा बस्न बाध्य बनेका हुन्।

साविकको पाथेका गाविसस्थित सबै वडामा विस्तार गरिएको ६० किलोवाट क्षमताको विद्युत्को लागि निर्माण गरिएको फोर वे नजिकै पहिरो जाँदा २५ मिटर लम्बाइको कुलो भत्काएको उपभोक्ता समितिले जनाएको छ। वैकल्पिक ऊर्जा, स्थानीय तथा तत्कालीन स्थानीय निकायको संयुक्त पहलमा निर्माण सम्पन्न गरी ५ सय ४१ घरधुरीले लाभ लिइरहेको हाइड्रोपावरको कुलो भत्कँदा १५ लाख रुपियाँबराबरको क्षति भएको जनाइएको छ।

पहिरोका कारण कुलो भत्केपछि उक्त वडाका सम्पूर्ण विद्यालयमा सञ्चालन गरिएको कम्प्युटर कक्षा, अन्य कार्यालय सञ्चालन, कुटानी पिसानी मिल, सहकारीको कारोबारलगायतका कार्य प्रभावित बनेको निर्माण उपभोक्ता समितिको सचिव शहरमान राईको भनाइ छ। विद्युत् अवरुद्ध हुँदा बेलुकी अन्धकारमा बस्न बाध्य स्थानीय मोबाइल फोन चार्च गर्न नपाउँदा सूचना तथा सञ्चारबाट पनि वञ्चित बनेका छन्।

आयोजनालाई पुनः मर्मत गर्न आर्थिक समस्या भएको निर्माण उपभोक्ता समितिका अध्यक्ष अग्नीप्रसाद राईले बताउनुभयो। आर्थिक व्यवस्था भए पनि विद्युत् सुचारु हुन करिब १ महिना लाग्ने राईले बताउनुभयो। उक्त हाइड्रोपावरमा २०७२ सालमा गएको भुइँचालोले पनि करिब २१ लाखबराबरको क्षति पुर्‍याएको थियो।

# तीन वर्षपछि भूकम्पपीडितलाई लालपुर्जा

गोरखा, (नेस)

२०७२ वैशाख १२ को भूकम्पले ध्वस्त जिल्लाको धार्चे-२ केरौंजाका भूकम्पपीडितलाई लालपुर्जा वितरण गरिएको छ। आफ्नो जग्गामा बस्न नमिल्ने भएपछि त्यहाँका ४० घर परिवारलाई स्थानान्तरणका लागि सार्वजनिक ठाउँको लालपुर्जा वितरण गरिएको गाउँपालिका प्रमुख सन्तबहादुर गुरुङले जानकारी दिए। केरौंजा गाउँ भूकम्पलगत्तै आएको गाउँमाथि र तलको पहिरोको समेत उच्च जोखिममा रहेको गाउँ हो।

'अहिले ४० घरधुरीलाई लालपुर्जा वितरण गरियो', गाउँपालिका प्रमुख गुरुङले भने- '३ वर्षयता यहाँका जनता घर बनाउने ठाउँ नहुँदा अस्थायी टहरोमा बस्दै आएका छन्। केहीले आफन्तको जग्गा भाडामा लिएर पनि बस्दै आएका छन्। ३ सय ५० घरधुरी भूकम्पपछि गएको पहिरोको उच्च जोखिममा भए पनि अहिले ४० धुरीलाई लालपुर्जा वितरण गरिएको हो।' जिल्लाको विकट उक्त क्षेत्रमा जिल्ला प्रशासन कार्यालयले आयोजना गरेको नागरिकता वितरणका लागि आयोजना गरेको घुम्ती शिविरको अवसरमा प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टराईले लालपुर्जा वितरण गरे।

# सुनचाँदी व्यवसायको शुद्धतामा प्रश्न

**नेपाल समाचारपत्र**

लमजुङ

लमजुङमा सुनचाँदीका गरगहनाको शुद्धतामा प्रश्न उठेको छ। बजार अनुगमनका क्रममा सुनचाँदीका पसलेसँग अधिकारीहरूले गरेको शुद्धतासम्बन्धी प्रश्नको सहज उत्तर दिन नसकेपछि त्यस्तो आशंका उब्जिएको हो।

वाणिज्य आपूर्ति र उपभोक्ता हित संरक्षण विभागबाट गरिएको अनुगमनका क्रममा त्यस्तो स्थिति फेला परेको हो। खाद्यान्नको बजार अनुगमन बेलाबखत हुने गरेको भए तापनि सुनचाँदीका पसलेले उन्मुक्ति पाउँदै आएका थिए। विभागका शाखा अधिकृत रमेशकाजी श्रेष्ठको नेतृत्वमा बेंसीशहरका पसलमा गरिएको अनुगमनका क्रममा त्यस्तो फेला परेको उहाँको भनाइ छ। उहाँका अनुसार जर्ति बारेमा उपभोक्तालाई मर्का पर्ने गरेको पाइयो। 'एउटा पसलबाट औंठीसमेत जाँचका लागि हामीले लिएर आएका थियौं। तर पछि बुझ्दा सबै पसलमा त्यस्तै भेटिएपछि अबका दिनमा बिलमा नै त्यस्तो खुलाएर बिक्री गर्न निर्देशन दिइएको छ' -श्रेष्ठले भन्नुभयो। उहाँका अनुसार सुनचाँदी व्यवसायी समितिको निर्देशनमा त्यस्तो गरिएको भनियो तर त्यो सरकारको सहमतिमा गरिएको होइन।

त्यसैगरी, केडियम र जिमको मिसावटका बारेमा समेत सरकारले २ वर्षअघि नै त्यसको प्रयोगमा निषेध गरेको भए पनि बेंसीशहरको बजारमा त्यस्तो तत्वसमेत फेला परेको अनुगमन टोलीको भनाइ छ।

बिलको पनि पहिलो प्रतिसरह दोस्रो प्रतिबिल राख्ने नगरेको भेटिएको अनुगमन कार्यमा संलगन जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि नासु रेशम रिमालले बताउनुभयो। उहाँका अनुसार ८ वटा सुनचाँदीका पसलमा गरिएको अनुगमनका क्रममा सबै पसलको अवस्था उस्तैउस्तै पाइएको थियो। त्यसैगरी नापतौलका सामग्री नवीकरण नभएको फेला परेको उहाँको भनाइ छ।

'मुख्य कुरा शुद्धताको प्रश्न हो, त्यो नै अनुत्तरित रह्यो' -राष्ट्रिय उपभोक्ता हित संरक्षण मञ्चका जिल्ला अध्यक्ष डम्बरबहादुर अधिकारीले भन्नुभयो। उहाँका अनुसार अनुगमन गरिएका सबै पसललाई व्यावसायिक मर्यादा राख्न निर्देशन दिइएको छ। सो अनुगमनमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, राष्ट्रिय उपभोक्ता हित संरक्षण मञ्च, लमजुङ उद्योग वाणिज्य महासंघका प्रतिनिधिको सहभागिता थियो।

# सीमाबाट दुई किशोरीको उद्धार

**सीताराम चौधरी, कपिलवस्तु**

पछिल्लो समय विचौलियाले मानव तस्करीको नयाँ तरिका अपनाउन थालेका छन्। मानव बेचबिखनविरुद्ध विभिन्न संघसंस्थाले सीमा क्षेत्रमा निगरानी बढाएपछि विचौलियाले विभिन्न तरिका अपनाइ नेपाली चेलीलाई भारत छिराउने गरेका हुन्। तेस्रो मुलुकमा मोटो रकम कमाउने प्रलोभन देखाई चेलीलाई छिमेकी राष्ट्र भारत लैजाने गरेका छन्। कसैलाई विवाहको नाटक त, कसैलाई तेस्रो मुलुक पठाउने भने कसैलाई भारत घुम्न, सपिङ गर्न जाने बहाना बनाई सीमा कटाउने विभिन्न रहस्य खुलेको छ।

यसैक्रममा कपिलवस्तुको कृष्णनगरस्थित मानव बेचविखनविरुद्ध कार्यरत शान्ति पुनःस्थापना गृह (पीआरसी)ले प्रहरीको सहयोगमा रसुवाका २ किशोरीको सीमाक्षेत्रबाट उद्धार गरेको छ। सीमा निगरानीका क्रममा २ किशोरीलाई सीमा पार गर्दै गर्दा पीआरसीले सम्पर्कमा ल्याएको हो। उद्धार गरिएका किशोरीमा नाम परिवर्तन २२ वर्षीय विनिता र वर्ष २४ कि सुनिता रहेका छन्। सोझै कुबेत पठाउने भनी झापा घर बताउने ललित खत्रीले किशोरीलाई काठमाडौंबाट भैरहवाको प्लेनको टिकट काटी एयरपोर्टमा मान्छे लिन आउनुहुन्छ भनी पठाइदिएका थियो।

उनीहरूलाई भैरहवामा शिवराज नगरपालिका-९, शिवगढीकी ३६ वर्षीय संगीता सेन ठकुरीले सम्पर्कमा लिई बसमा चढाई कृष्णनगर पुर्‍याएको किशोरीको बयानबाट खुलेको छ। सीमा कटाउँदै गर्दा बजार गर्न बढनी जाँदैछौं भनी सिकाएको किशोरीले बताए। तर सीमा नाकामा निगरानी गरिरहेको पीआरसी र प्रहरीको संयुक्त टोलीले शंकास्पद लागेर सोधपुछको लागि सम्पर्कमा ल्याएको हो।

रसुवा घर भई हाल कुवेत बस्दै आएकी माया तामाङसँग किशोरीको इमोमा सम्पर्क भयो। मायाले किशोरीलाई विदेश (कुवेत) आए राम्रो जागिर पाइने प्रलोभन देखाइन्। महिनाको ३०/३२ हजार जति तलब हुने, आउने जाने खर्च बेहोर्न नपर्ने भनी किशोरीलाई बताइन्। सापटी खोजेर पासपोर्ट बनाउनु, कुबेत पुगेपछि आफूले खर्च बेहोर्ने आश्वासन दिइन्।

किशोरीहरू मन्जुर भई पासपोर्ट बनाउने चक्करमा लागे। केही दिनपछि काठमाडौंबाट ललित खत्री भन्ने व्यक्तिले सुनितालाई फोन गर्‍यो। विदेश (कुबेत) पठाइदिने जिम्मा माया दिदीले आफूलाई दिएको भनी ललितले किशोरीलाई बतायो। उसले काठमाडौंबाट प्लेनमा उडाई सीधै माया दिदी भएको ठाउँमा पठाइदिने आश्वासन देखायो।

पासपोर्ट बनाएर उनीहरू काठमाडौं गए। काठमाडौंको नयाँ बसपार्क पुगी ललितलाई फोन गरेपछि ललित लिन आयो। उसले नयाँ बसपार्कको आस्था होटलमा बस्ने व्यवस्था मिलाइदियो। अर्को बिहान १ जना ढाकाटोपी लगाएको व्यक्ति आई हिजो फोन गरेको दाजु मै हुँ भनी आफ्नो परिचय दिई पासपोर्ट माग्यो र किशोरीहरूलाई घर जान लगायो।

केही दिनपछि माया दिदी भन्नेले इमोमा कल गरी तिमीहरू काठमाडौं जाऊ भिसा आएको छ। पैसा पनि पठाइदिएको छु, भनेपछि पुनः दाइ (ललित) भन्ने व्यक्तिले काठमाडौं बोलायो। उनीहरू काठमाडौं पुगी पुनः त्यही होटलमा २ दिनसम्म बसेको बताउँछन्। २ दिन बसेपछि भारतबाट १ व्यक्तिले इमोमा कल गरी प्लेनको टिकट पठाइदिएको जानकारी दिँदै एयरपोर्ट जान भन्यो। गत जेठ ३१ गते साँझ ४:५५ मिनेटको प्लेनमा चढेको र आधा घन्टा जतिमा प्लेनबाट झरेको किशोरीहरूको भनाइ छ। आधा घन्टामै कुबेत पुगियो भनी आफूहरू दंग परेको किशोरीको भनाइ उध्दृत गर्दै पीआरसी संयोजक भूमिराज भट्टराईले जानकारी दिनुभयो। 'एयरपोर्टमा झरेपछि १ जना दाइको फोन आयो, तिमीहरू काठमाडौंबाट आएका हौ? भनी भनी सोध्यो। हामीले हो भनेपछि त्यो व्यक्तिले हामीलाई बोलायो, त्यहाँ जाँदा १जना दिदी पनि हुनुहुथ्यो।' -एक किशोरीले बताइन्।

दिदीले जिपमा चढाई एकरात आफ्नो डेरामा राखेको किशोरीले बताएको पीआरसी संयोजक भूमिराज भट्टराईले बताउनुभयो।

# ट्राफिक प्रहरीको कमाउ धन्दा

**हेमन्त पौडेल, कैलाली**

राजमार्गका विभिन्न जंगल र एकान्तमा बसेर चेकिङका नाममा ट्राफिक प्रहरीले रकम असुल गर्ने गरेको छ। ट्राफिक प्रहरी कार्यालयका चेकपोस्टभन्दा जंगल र एकान्त ठाउँमा गएर किन चेकिङ हुन्छ भन्ने बारेमा सबै जानकार भए पनि ट्राफिक प्रहरीले गरेको रकम असुलीलाई रोक्न सरोकारवाला निकायको ध्यान जान सकेको छैन।

पूर्वपश्चिम राजमार्गका दर्जनौं स्थानमा ट्राफिक प्रहरी सवारीसाधन कुरेर बस्ने गरेका छन्। कुन बेला कस्तो मुर्गा भेटिन्छ भनेर बस्ने गरेका छन्। उनीहरूको दुर्घटना न्यूनीकरण गर्नुभन्दा पनि रकम असुल गर्नु नै प्राथमिकतामा पर्ने गरेको छ। पछिल्लो समयमा कैलालीको सुखडमा रहेको ट्राफिक प्रहरीले सवारीधनीलाई अनावश्यक दुःख दिनुका साथै विभिन्न बाहना बनाएर पैसा उठाउने गरेको छ। उनीहरूले दुर्घटना न्यूनीकरण गर्नका लागि जनचेताना फैलाउनुभन्दा पनि सानातिना कमजोरी खोज्दै जरिवानाको बाहाना बनाएर रकम उठाउने गरेका छन्। सुखडमा रहेको अस्था प्रहरी पोस्टका इन्चार्ज कृष्णबहादुर विष्ट नेतृत्वको टोलीले पैसा उठाउने काम तीव्र पारेको छ।

क्षेत्रीय ट्राफिक प्रहरी कार्यालयका प्रमुख योगबहादुर पाललाई मासिक ४० हजार रुपियाँ बुझाउनुपर्ने सर्तमा सुखड पठाइएका विष्टले यतिबेला सवारी दुर्घटना न्यूनीकरणभन्दा पनि एसपी पाललाई बुझाउने रकम कसरी उठाउन सकिन्छ भन्दै विभिन्न गौंडामा बसेर सवारीसाधनबाट रकम उठाउने गरेका छन्। सुखडमा जान धेरैले प्रयास गरे पनि जसले बढी पैसा बुझायो उसैलाई पठाउने एसपी पालको मनसाय देखेपछि विष्टले अरूको तुलनामा बढी रकम दिने भएपछि उनलाई सुखड पठाएको हो। हरेक महिनाको १ गते क्षेत्रीय ट्राफिक प्रहरी प्रमुख एसपी पाललाई रकम बुझाउन विष्ट अत्तरिया जाने गरेका छन्।

साना कुरालाई पनि ठूलो बनाएर जरिवाना काट्ने काम भएको स्थानीय बासिन्दा बताउँछन्। यस क्षेत्रमा गुड्ने सानादेखि ठूला सबै प्रकारका सवारीसाधनबाट ट्राफिक प्रहरीले पैसा असुल्न गरेको १ स्थानीय बासिन्दाले बताए। पहिलादेखि नै यस क्षेत्रमा ट्राफिक प्रहरीले विभिन्न बाहानामा सवारी चालकबाट पैसा असुल्दै आएको उनको दाबी छ। कहिलेकाहीं लाइसेन्स ब्लुबुक बोक्न बिर्सेकालाई पनि सोही बाहाना बनाई पैसा लिने गरेका छन्। तर ट्राफिक प्रहरीकै संरक्षणमा चोरीका गाडी सो क्षेत्रमा चल्ने गरेका छन्। उनीहरूबाट मासिक रकम लिएर उनीहरूलाई चल्न दिएको दाबी समाचार स्रोतको छ।

यसअघि सुखडमा बस्ने ट्रफिक इन्चार्जले फिल्डमा खटिने जवानलाई पनि भागबन्डा गरेर रकम दिने गरे पनि विष्ट इन्चार्ज भएपछि उनीहरूले रकम नपाएको गुनासो गरेका छन्। एसपी सापलाई बुझाउने पुग्दैन भन्दै विष्टले अन्य ट्राफिकलाई पैसा नदिएको बताइएको छ। विष्टले सुखड क्षेत्रमा चल्ने बिनानम्बर प्लेटका तथा लाइसेन्स नभएका विद्युतीय र अटोरिक्सा, ट्याक्टर, बस, ट्रक, टिप्पर, जेसीबी चोरीका मोटरसाइकललगायतका साधनबाट मासिक १ लाख बढी रकम बुझ्ने गरेको स्रोतको दाबी छ।

तर, इन्चार्ज विष्टले भने आफूले रकम नउठाउने गरेको बताए। क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय अत्तरियाका प्रमुख एसपी योगबहादुर पालले भने पैसा लिएको प्रमाण दिएमा कारबाही हुने बताए। उनले बिनाप्रमाण कुरा गरेर पत्रकारले चरित्रहत्या गर्ने गरेको आरोप लगाए। रे को कुरा गरेर आफ्नो चरित्रहत्या नगर्न चेतावनी दिँदै एसपी पालले त्यसो गरेमा जेल जानुपर्ने चेतावनी दिए। उता ७ नम्बर प्रदेशका प्रहरी प्रमुख डीआईजी सरद चन्दले अवैधरूपमा रकम असुल गरेमा कारबाही गर्ने बताए।